कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित

# ट्रेड टावर लिमिटेड

# Trade Tower Limited

रजिष्टर्ड कार्यालयः वडा नं.११, ट्रेड टावर, थापाथली,काठमाण्डौं, नेपाल ।
फोन नं :०१-५१११०००
E-mail:info@tradetower.com.np|URL: www.tradetower.com.np

को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

## विवरणपत्र

कम्पनीले आफ्नो जारी पूँजी रु.८१,५६,०९,७०० /-(अक्षरेपी एक्कासी करोड छपन्न लाख नौ हजार सात सय रुपैंया मात्र) मध्ये ४८.६९६ प्रतिशत अर्थात् रु.३९,७१,६९,३००/- (अक्षरेपी उन्नचालिस करोड एकहत्तर लाख उन्नसत्तरी हजार तीन सय रुपैया मात्र) रकम बराबरको रु.१०० अंकित दरका ३९,७१,६९३(अक्षरेपी उन्नचालिस लाख एकहत्तर हजार छ सय त्रियानब्बे मात्र) कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । जसमध्ये ७९,४३३.८६ (अक्षरेपी उन्नासी हजार चार सय तेत्तिस दशमलव छयासी मात्र) कित्ता (२ प्रतिशत) कर्मचारीहरुलाई, १,९८,५८४.६५ ( अक्षरेपी एक लाख अन्ठानब्बे हजार पाँच सय चौरासी दशमलव पैंसाठी मात्र) कित्ता (५ प्रतिशत) सामूहिक लगानी कोषको लागि र ३,९७,१६९.३० ( अक्षरेपी तीन लाख सन्तानब्बे हजार एक सय उन्नसाठी दशमलव तिस) कित्ता, १० प्रतिशत नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरुको लागि सुरक्षित गरी बाँकी ३२,९६,५०५.१९( अक्षरेपी बत्तिस लाख छयान्नब्बे हजार पाँच सय पाँच दशमलव मात्र) कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिनेछ । कर्मचारी, नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरु र सामूहिक लगानी कोष लागि छुट्याएको शेयर पूर्ण रुपमा बिक्री नभएमा सर्वसाधारणमा समावेश गरी निष्काशन गरिनेछ ।

**दरखास्तसाथ प्रति साधारण शेयर अंकित मूल्य रु. १००/–का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | पुस मसान्त २०८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| प्रति शेयर नेटवोर्थ (रु.) | १०३.९७ | १०७.१२ | १२३.०९ | ११३.३९ | १०८.११ | ११२.४५ | ११५.३९ |
| प्रति शेयर आम्दानी (रु.) | २.०६ | ३.५९ | ५.६३ | १.८८ | २.२ | ४.३३ | ५.९५ |
| संचित नाफा/(नोक्सानी) (रु हजारमा) | १३,८६३ | २७,००५ | ४८,२०० | ५६,०४८ | ६६,१६३ | १०१,५०८ | १२५,५५१ |

**नोटः** पुस मसान्त २०८१ अपरिष्कृत विवरण लेखापरिक्षकद्धारा प्रमाणित गरिएको । आ.व.२०७८।७९को विवरण NAS अनुसार र आ.व.२०७९।८० र आ.व.२०८०।८१ को विवरण NFRS बमोजिम प्रस्तुत गरिएको ।

**ट्रेड्र टावर लिमिटेड अन्तर्गत संचालनमा रहेको परियोजना टेड्र टावर थापाथलीको ३० वर्षको लागि लिजमा लिइएकोमा हाल १५ वर्षको लिज अवधि बाँकी रहेको र होटल क्रिष्टल पशुपति गौशालाको ३५ वर्षको लागि लिजमा लिइएकोमा हाल ३१ वर्षको लिज अवधि बाँकी रहेको ।**

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण :**

**साधारण लगानी फिर्ता हुने अवधि :**.६.९३ वर्ष र **डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि :**७.८२ वर्ष रहेको छ ।

**Net Present Value (NPV)** :रु..२१३,५४८,४१०/– **Internal Rate of Return (IRR)** : १८.८७%

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्कासन मुल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग.८.**(पृष्ठ २१र २२)मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्कासनका लागि तयार गरिएको यस विवरण-पत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्कासनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्बन्धि विवरणः**

यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि “क्रेडिट रेटिङ्ग नियमावली, २०६८” को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड (ICRA Nepal Ltd.) डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०२५ जनवरी २० गते “[ICRANP-IR] BB-” reaffirmed प्रमाणपत्र प्राप्त गरेको छ । जसले Moderate risk of default regarding timely servicing of financial obligations भन्ने जनाउंदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा [ICRANP-IR] AAA ले बलियो आधार जनाउँदछ र [ICRANP-IR] D ले कमजोर आधार जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । यस सम्बन्धि विवरण पत्रको दफा ग.२२ (ट) (पृष्ठ ५१) उल्लेखि गरिएको छ ।

क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०२५/०१/२० (२०८१।१०।०७) क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति : २०२६/०१/२० (२०८२।१०।०७)

यस विवरणपत्र मार्फत कर्मचारीहरुलाई बिक्री वितरण गरिएको शेयर तथा संस्थापक शेयर सर्वसाधारणका लागि निष्काशन गरिएको शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभई बिक्री वितरण गर्न वा हस्तान्तरण गर्न पाइने छैन । साथै, सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम सामूहिक लगानी कोषले खरिद गरेको धितोपत्र संगठित संस्थाले सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बाँडफाँड भएको मितिले ६ (छ) महिना पुरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाउने छैन ।

**नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मितिः २०८१/१२/२५** **कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मितिः२०८१/१२/२५**

| **वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि :** | |
|---|---|
| निष्काशन खुल्ला हुने मितिः २०८२/०१/०८ | निष्काशन बन्द हुने मिति : २०८२/०१/२२ (बैंकिङ्ग समय पश्चात) |

**सर्वसाधारण शेयरधनीहरुको लागि सार्वजनिक निष्काशन वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको शेयर बाँडफाँड पश्चात् सूचना प्रकाशित गरी जानकारी गराईनेछ ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

L S CAPITAL

**(100% Subsidiary of Laxmi Sunrise Bank Limited)**

**लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड**

पो. ब. नं. ८४४९, नयां बानेश्वर, काठमाडौं, फोन नं.–५९७००६४ फ्याक्स नं.–४७८०५८३

Email:info@lscapital.com.np, URL:www.lscapital.com.np

**ख.१ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषाः**

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्छ ।

ख) "धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक" भन्नाले लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौंलाई सम्झनु पर्छ ।

ग) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्वन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनुपर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्ने सक्ने अधिकारपत्र समेतलाई जनाउंछ ।

घ) "संगठित संस्था/कम्पनी" भन्नाले निष्कासनकर्ता कम्पनी टेड्र टावर लिमिटेड, वडा नं. ११,टेड्र टावर, थापाथली, काठमाण्डौलाई सम्झनु पर्छ ।

ङ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्कासन को लागि तयार गरिएको विवरण(पत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संकलन केन्द्रहरुलाई सम्झनु पर्छ।

च) "निष्कासन बैंक" भन्नाले निष्कासन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्कासनको क्रममा रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्छ ।

छ) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग, पर्यटन विभाग लाई सम्झनु पर्छ ।

ज) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापन" भन्नाले टेड्र टावर लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापनलाई सम्झनु पर्छ ।

झ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्छ ।

ञ) "वित्तीय विवरण" भन्नाले संगठित संस्थाको वासलात, आय–व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ।

ट) "प्रतिशेयर नेटवर्थ" भन्नाले कम्पनीको कुल नेटवर्थलाई कुल सेयर संख्याले भाग गर्दा आउने प्रतिफललाई सम्झनुपर्दछ।

ठ) "प्रति शेयर आम्दानी" भन्नाले कर पछिको नाफालाई कुल शेयर संख्याले भाग गर्दा आउने प्रतिफललाई सम्झनु सम्झनु पर्दछ ।

ड) "साधारण लगानीमा फिर्ता हुने अवधि" भन्नाले लगानीकर्ताहरुले लगानी गरेको लगानी फिर्ता हुने अवधि भन्ने बुझिन्छ

ढ) "डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि" भन्नाले परियोजनाको लाभ निर्धारण गर्नको लागि गरिने एक पूँजी बजेट प्रक्रिया डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि हो । यो परियोजनाको सम्भाव्यता र नाफा मूल्याङ्कन गर्न प्रयोग गरिन्छ ।

ण) "वैदेशिक रोजगारीमा रहेका नेपाली" भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरु जनाउँछ ।

त) "खुद सम्पत्ति" भन्नाले नेपाल लेखा मान अनुसार सङ्गठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरूको कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरू तथा ख्याति घटाई बाँकी रहन जाने खुद सम्पत्ति (नेटवर्थ) रकम सम्झनु पर्छ ।

**ख.२.विवरण-पत्र तथा दरखास्त फारम प्राप्त गर्ने र दरखास्त साथ रकम बुझाउने स्थान :**

**ख.२.विवरण-पत्र तथा दरखास्त फारम प्राप्त गर्ने र दरखास्त साथ रकम बुझाउने स्थान :**

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड, नयां बानेश्वर, काठमाडौं र वेवसाइट: www.lscapital.com.np |
| २. | टेड्र टावर लिमिटेड, टेड्र टावर, थापाथली, काठमाण्डौं र वेवसाइट:www.tradetower.com.np |
| | साथै श्री नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ । |

| सि.नं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान |
|---|---|
| | |
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेको सम्पूर्ण सी-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु । |

**ग.१.धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई टेड्र टावर लिमिटेड तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा ऐन तथा नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धता पत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**ग.२.क.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्कासन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्कासन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरण-पत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरण-पत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्कासनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख.संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस टेड्र टावर लिमिटेडले प्रकाशित गरेको विवरणपत्र,सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग.नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौ। साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै कम्पनीले कम्पनी रजिष्ट्रार कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व.०८०/०८१ सम्मको विवरणहरु पेश गरेको हुनाले उक्त आ.व. सम्म कम्पनी अध्यावधिक रहेको जानकारी गराउँदछौं ।

**ग.२.घ.संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस कम्पनीको संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
३. सार्वजनिक निष्कासन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
५.यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा प्रमुख कार्यकारी अयोग्य रहेका छैनन् ।

**ग.३ संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क. संगठित संस्थाको पृष्ठभूमि**

**(क) संगठित संस्थाको नामः** टेड्र टावर लिमिटेड **(Trade Tower Limited.)**

**(ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा.वडा. नं. ११,टेड्र टावर,थापाथली, काठमाडौंमा रहेको छ ।

**(घ) कारोबार गर्ने मुख्य स्थान** : हाल यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान टेड्र टावर, थापाथली का.म.न.पा.वडा नं.११, र शाखा कार्यालय होटेल क्रिस्टल पशुपति, का.म.न.पा.वडा नं.९ गौशालामा रहेको छ । आवश्यकता अनुसार सम्बन्धित निकायबाट स्वीकृती लिई अन्य स्थानमा समेत कारोवार गर्न सकिने छ ।

**(ङ) संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**
कम्पनीको स्थापनाकाल देखि हालसम्मको ⁄संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

१. यस कम्पनी २०६३ सालमा कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भएर २०६७ जेष्ठ १७ गते पब्लिक लिमिटेड कम्पनीमा परिणत भई मिति २०७८⁄१०⁄१२ मा नाम परिवर्तनपछि हाल “ट्रेड टावर लिमिटेड” को नाममा संचालन हुँदै आएको छ ।
२. कम्पनीले लिजिङ्ग एण्ड फाईनान्सिङ्ग, प्रोजेक्ट डेभलपमेन्ट, पुर्वाधार विकासका क्षेत्रहरु लगायत होटेल, हस्पिटालिटि र पर्यटन क्षेत्रमा समेत कार्य गर्दै आएको छ ।
३. कम्पनीको पहिलो परियोजना थापाथली स्थित ट्रेड टावर रहेको छ । नेपाल खाद्य संस्थानको जमिन ३० वर्षका लागि लिजमा लिई नेपालकै सबैभन्दा ठूलो कर्पोरेट कम्प्लेक्स निर्माण गरी विगत १५ वर्षदेखि संचालनमा आएको छ ।
४. यसरी नै कम्पनीले ललितपुरको भैंसेपाटीमा १९० वटा अपार्टमेन्ट निर्माण तथा बिक्रि गरी आफ्नो दोश्रो परियोजना समेत सफलतापुर्वक सम्पन्न गरीसकेको छ र अहिले आएर तेश्रो परियोजनाको रुपमा का.म.न.पा.-९ गौशाला स्थित श्री पशुपतिनाथ मन्दिरको दक्षिण तर्फ रिङ्गरोडमा जोडिएको करिब ४ रोपनी जमीन ३५ वर्षका लागि लिजमा लिएर होटल क्रिष्टल पशुपतिका नाममा ७ तल्ले भवन निर्माण भई आंशिक रुपमा होटल संचालन भई थप कोठाहरु,ब्याङक्वेट हलहरु तथा स्पाहरुको निर्माण कार्य भईरहेको छ ।

५. यो परियोजनामा कम्पनी आफैले संचालन गर्ने श्री पशुपतिनाथ मन्दिर देखिने बेसमेन्ट सहित ७ तल्लाको भवनमा बेसमेन्ट पार्किङ्ग भुइ तल्ला स्पा⁄सोना ,लबी,बेकरी, तथा किचेन रहनेछ,प्रथम तल्लामा अफिस स्पेसहरु तथा एउटा सभा हल रहनेछ,दोस्रो,तेस्रो,चौथो तथा पाचौ तल्लाहरुमा ९० वटा कोठाहरु(रुम) रहनेछ ,रुफ टपमा रेष्टुरेन्ट,बार,चारवटा सभा हलहरु(ब्याङ्गक्वेट)तथा मेन किचेन सहितको “होटल क्रिष्टल पशुपति” को नाममा संचालन हुने व्यवस्था मिलाइएको छ ।

६. ट्रेड टावर लिमिटेडले हाल सम्म सम्पन्न गरेको परियोजनाहरुको विवरण:

| क्र.स. | परियोजना | हालको अवस्था |
|---|---|---|
| १ | ट्रेड टावर थापाथली | विगत १५ वर्ष देखि सफलता पूर्वक संचालनमा रहेको |
| २ | आवास परियोजना ,भैसिपाटि | सबै १९० वटा अर्पाटमेन्टहरु १० वर्ष अगाडी विकी भइसकेको |
| ३. | होटल क्रिष्टल पशुपति,गौशाला | आंशिक रुपमा संचालनमा रहेको तथा थप सुविधा निर्माण भइरहेको । |

७. भावियोजनाहरु निम्न अनुसार रहेको छ ।

(क) भावियोजनाको रुपमा यो कम्पनीले देशको ७ वटै प्रदेशमा कम्तीमा एक एक वटा पर्यटन सम्बन्धी परियोजना विकास गर्ने लक्ष्य राखेको छ ।
(ख) तत्काल नगरकोट र जर्सिङ्गपौवामा Eco Village, Organic Farm House र Adventure Tourism परियोजना सुरु गर्ने रणनिति रहेको छ ।
(ग) इटहरीमा स्वदेशी तथा विदेशी पर्यटकहरुका लागी सुविधा सम्पन्न पाँच तारे होटल परियोजनाको विकास गर्ने लक्ष्य रहेको छ ।

(घ) यस कम्पनीद्वारा हाल संचालित ट्रेड टावर थापाथली र होटल क्रिष्टल पशुपतिबाट आर्जित मुनाफाले धार्मिक पर्यटकिय क्षेत्र जनकपुरमा आधुनिक करिब २००० जना अट्न सक्ने विवाह मण्डप सहितको सभा हलको निर्माण गर्ने रणनिति रहेको छ ।

(ङ)) स्वदेशी तथा विदेशी संघ संस्था, बैंक, इन्सूरेन्स, नेपाल सरकार तथा व्यक्ति विशेषको समेतको सहभागितामा संयूक्त रुपमा पर्यटन व्यवसाय, पर्यटकीय केबुलकार, तथा अन्य पुर्वाधार निर्माण तथा लिजमा लिईसंचालन गर्ने गराउने साथै सम्बन्धीत परामर्सदाताका् रुपमा कार्य गर्ने लक्ष्य रहेको छ ।

(च) कम्पनीले आफ्नो उदेश्य प्राप्तीका लागी व्यवसायिक रुपममा,देखिएको अन्य व्यवसायिक क्षेत्रमा पनि लगानी गर्ने संभाव्य रणनिति रहेको छ ।

## ७. ट्रेड टावर लिमिटेड सम्बन्धि विवरण तथा अनुपातहरु:

| | |
|---|---|
| साधारण लगानी फिर्ता हुने अवधि | ६.९३ वर्ष |
| डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि | ७.८२ वर्ष |
| Net Present Value (NPV) (रु.) | २१३,५४८,४१० |
| Internal Rate of Return (IRR) | १८.८७% |
| Discounting Rate | १५.६५५६% |

NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ ।

**NPV,IRR, परियोजनाको साधारण तथा डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि, कुल परियोजना लागत गणना तालिका :**

**<u>NPV,IRR गणना तालिका</u>**

| वर्ष | प्रारम्भिक बहिर्गमन | कर पछिको नाफा | मूल्यह्रास | कुल नगद प्रवाह | PVIF | वर्तमान मल्य |
|---|---|---|---|---|---|---|
| वास्तविक २०७९-८० | -५५०,७१४,२६९.८२ | १२,०७७,४४४.३० | २४,८१०,६९७.१२ | -५१३,८२६,१२८.४० | १ | ८ |
| वास्तविक २०८०-८१ | -२३९,०१३,६८४.६० | २०,४०३,८०३.०१ | ३०,२५५,५४६.६५ | -१८८,३५४,३३४.९४ | १ | -१८८,३५४,३३४.९४ |
| प्रक्षेपित २०८१-८२ | -७०,६३४,२२७.२३ | १७,९६२,९७७.६४ | ५२,०४२,१०९.३२ | -६२९,१४०.२८ | ०.८६४ | -५४३,९७७.४३ |
| प्रक्षेपित २०८२-८३ | -११५,०००,०००.०० | ३५,३४४,३११.२१ | ३७,८४५,६०६.४६ | -४१,८१०,०८२.३२ | ०.७४७ | -३१,२५७,०३७.१२ |
| प्रक्षेपित २०८३-८४ | -२५,०००,०००.०० | ४८,५११,३४३.८१ | ४१,१७६,२११.५४ | ६४,६८७,५५५.३५ | ०.६४६ | ४१,८१३,९२३.२२ |
| प्रक्षेपित २०८४-८५ | -२५,०००,०००.०० | ५८,८१९,७७३.५३ | ४०,९१२,७९७.९२ | ७४,७३२,५७१.४५ | ०.५५८ | ४१,७६७,९८२.४५ |
| प्रक्षेपित २०८५-८६ | -३०,०००,०००.०० | ७१,७९१,९२२.०५ | ४०,६७५,३७६.८८ | ८२,४६७,२९८.९३ | ०.४८३ | ८२,४६७,२९८.९३ |
| टर्मिनल मूल्य | | | | **१,७०५,३३९,६८९.५७** | ०.४८३ | ८२४,०९६,११०.४५ |
| **(NPV)** | | | | | | २१३,५४८,४१०.९८ |

| | |
|---|---|
| **Internal Rate of Return (IRR)** | **१८.८७%** |
| साधारण लगानी फिर्ता हुने अवधि | **६.९३** |
| डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि | **७.८२** |
| **टर्मिनल मूल्यको गणना** | |

| Free Cash Flow in Projected year 085/086 | |
|---|---|
| PAT | ७१,७९१,९२२.०५ |
| मूल्यह्रास | ४०,६७५,३७६.८८ |
| **कुल नगदप्रवाह** | **११२,४६७,२९८.९३** |
| वृद्धि दर | ८.५०% |
| WACC (Discount Rate) | १५.६६% |
| टर्मिनल मूल्य | **१,७०५,३३९,६८९.५७** |

**नोटः** ट्रेड टावर थापाथली र होटल क्रिष्टल पशुपतीको आम्दानी प्रत्येक वर्ष ५% वृद्धि हुने अपेक्षा गरिएको छ ।

| **कुल परियोजना लागतको गणना** | | |
|---|---|---|
| | **विवरण** | **कुल परियोजना लागत** |
| **क** | **भवन निर्माण लागत** | |
| | बेसमेन्टको लागि निर्माण लागत | १४१,५६६,३५७.२६ |
| | भुई तल्लाको लागि निर्माण लागत | ११५,६८२,८७२.१४ |
| | भुई तल्लाको स्पा लागि निर्माण लागत | ७५,०००,०००.०० |
| | पहिलो तल्ला लागि निर्माण लागत | १०८,४३५,५०१.०५ |
| | दोस्रो तल्ला लागि निर्माण लागत | १०८,४३५,५०१.०५ |
| | तेस्रो तल्ला लागि निर्माण लागत | ९९,७६४,९६६.३४ |
| | चौथो लागि निर्माण लागत | ८६,६४०,२२९.२१ |
| | पाँचौ तल्ला लागि निर्माण लागत | ८६,६४०,२२९.२१ |
| | रुफटपको लागि निर्माण लागत | ६१,६९८,३४५.०४ |
| | **भवन लागत(बेसमेन्ट देखि रुफटपसम्म)** | **८८३,८६४,००१.३०** |
| **ख** | **होटल उपकरण तथा फर्निचर र फिकस्चर लागत** | |
| | **होटल उपकरण तथा फर्निचर** | ४०,४९१,५६२.९१ |
| | लिफ्ट र लिफ्टको लागि खर्च(प्रति टुका) | १८,१२१,१००.४१ |
| | जेनरेटर सेट | २,०५५,६६६.०६ |
| | कम्पुटर तथा कम्पुटर उपकरण | १,६३९,६७०.७७ |
| | **कुल उपकरण लागत** | **६२,३०८,०००** |
| **ग** | **सवारी साधान** | |
| | **कुल सवारी साधान लागत** | **१०,२९१,२१९** |
| | **जम्मा (क +ख +ग )** | ९५६,४६३,२२०.९३ |

**कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :**

१. कम्पनीले आफ्नै भवन/जग्गा वा अन्य विभिन्न भवन/जग्गा भाडा/लिजमा लिई पर्यटन तथा हस्पिटालिटि व्यवसायको रुपमा सामान्य तथा तारे होटल, रिर्सोट, फार्म हाउस आदि एवम् सोलाई साथ दिन आवश्यक रेष्टुरेन्ट, कन्फेन्स हल, सेमिनार हल, ब्यान्क्येट, स्पा, आदिको निर्माण तथा संचालन गर्ने ।

२. माथि उल्लेखित पर्यटन/हस्पिटालिटी व्यवसायलाई सहयोग हुने ट्रयावेल एजेन्सी, टिकेटिङ्ग एजेन्सी, इको टुरिजम, सहासिक पर्यटन जस्तै जिप फ्लायर, बन्जी जम्पीङ्ग, प्याराग्याइडीङ्ग, केबलकार आदि लगायत अन्य पर्यटन उद्योगसँग सम्बन्धित कामहरु गर्ने ।

३. देशको विभिन्न स्थानहरुमा जग्गा/भवन खरिद गरी वा लिजमा लिई कम्पनी आफैले एकल रुपमा वा अन्य व्यवसायिक कम्पनी, व्यक्ति वा संघ–संस्थासंग सहभागी भएर आधुनिक सुविधा सम्पन्न कर्मसियल कम्पेक्स,सपिङ्ग कम्पेक्स, व्यापारीक केन्द्र,मल, डिर्पाटमेन्टहरु जस्ता व्यवसायिक भवनहरु निर्माण गरी सोका सटर, कोठा, फ्ल्याट वा सम्पूर्ण भवन विभिन्न उपभोक्तहरुलाई भाडा/लिजमा उपलब्ध गराउने तथा माग बमोजिम बिक्री गर्ने ।

४. देशको विभिन्न स्थानहरुमा जग्गा/भवन खरिद गरी वा लिजमा लिई कम्पनी आफैं एकल रुपमा वा अन्य व्यवसायिक कम्पनी, व्यक्ति वा संघ–संस्थासँग सहभागी भएर भू–बनोटको आधारमा मिल्ने गरी बाटो, ढल, पानी, बिजुली, पार्किङ्ग आदी सुविधायुक्त आवासिय साना तथा ठूला भवनहरु, अर्पाटमेन्ट तथा संयूक्त आवासको विकास/निर्माण गरी सो निर्मित सम्पूर्ण भवन, घर तथा सोको फल्याटहरु बिक्री वितरण गर्ने तथा भाडा/लिजमा उपलब्ध गराउने ।

**होटेल क्रिस्टल पशुपति परियोजनाको हालको अवस्था लगायत विभिन्न कार्यहरूको २०८१ असार मसान्तसम्मको प्रगति विवरण :**

| सि.नं. | होटेल क्रिष्टल पशुपति परियोजनाको विवरण/कार्य | हालको अवस्था |
|---|---|---|
| १. | मालपोत कार्यालय र नगरपालिका कार्यालयमा लिज सम्झौता र दर्ता | सम्पन्न |
| २. | भू–प्राविधिक अनुसन्धान र अन्य आवश्यक सर्वेक्षणहरु | सम्पन्न |
| ३. | नक्सा पास र सवीकृति | सम्पन्न |
| ४. | भवन निर्माण – संरचना निर्माण कार्य | सम्पन्न |
| ५. | भवन निर्माण – फिनिसिङ्ग कार्य | सम्पन्न |
| ६. | भवन निर्माण –विद्युतीय र प्लम्बिंग कार्यहरु | आंशिक सम्पन्न |
| ७. | होटल कोठा र लबी क्षेत्र –फर्निसिङ कार्य | आंशिक सम्पन्न |
| ८. | रेस्टुरेन्ट र सम्मेलन हल क्षेत्र कार्यहरु | आंशिक सम्पन्न |
| ९. | उपकरणहरु(लिफ्ट, जेनेरेटर,पम्प, पानी, प्रणाली आदी) स्थापना कार्यहरु | सम्पन्न |
| १०. | स्पा | निमार्णधिन |

**संस्थाले विभिन्न नियमन निकायबाट हालसम्म प्राप्त गरेको स्वीकृति/अनुमति/इजाजतको संक्षिप्त विषयवस्तु :**

| विभिन्न नियामक निकाय | स्वीकृति/ अनुमति/ ईजाजत पत्रको संक्षिप्त विषयबस्त | ईजाजतपत्र प्राप्त मिति (वि.सं.मा) |
|---|---|---|
| कम्पनी रजिष्टारको कार्यालय | कारोबारको स्वीकृती | २०७८/१०/१६ |
| कम्पनी रजिष्टारको कार्यालय | कम्पनी दर्ता | २०६७/०२/१७ |
| नेपाल राष्ट बैंक | ईजाजत पत्र | २०८१/०३/०२ |
| का.म .न.पा | व्यवसाय दर्ता | २०७८/१०/१२ |
| पर्यटन विभाग | कारोबारको ईजाजत पत्र | २०८१/०१/१२ |
| उद्योग विभाग | उद्योग दर्ता | २०७९/०२/२४ |

## ट्रेड टावर लिमिटेड कम्पनीको व्यावसायिक मोडल (Business Model)

(१) ट्रेड टावर लिमिटेड लिज परियोजनाहरु विकास निमार्ण तथा संचालन गर्ने अग्रणी कम्पनी हो । विगतमा यस कम्पनीले सफलतापर्वक परियोजनाहरु सम्पन्न गरी दिगो आम्दानीको स्रोतको व्यवस्थापन गरी राखेको छ। यस कम्पनीको व्यवसायिक मोडलमा उच्च संम्भावना भएका क्षेत्रहरुको पहिचान गरी ,आवश्यक स्रोतको ब्यबस्थापन गर्दै,परियोजनाहरु विकास,निमार्ण र संचालन गरी आम्दानीको दिगो स्रोतको ब्यबस्था गर्नका लागी केन्द्रित छ ।

(२) संचालित परियोजना र आम्दानीको स्रोत :

(क) ट्रेड टावर लिमिटेडको पहिलो परियोजना “ट्रेड टावर” थापाथली विगत १५ वर्ष देखि संचालनमा रहेको छ र यसले भाडा/लिज मार्फत स्थिर आम्दानी गरिरहेको छ । यस परियोजनाले कम्पनीको वित्तिय स्थिरतामा महत्वपूर्ण योगदान पुरयाएको छ ,जसले गर्दा आगामी परियोजनाहरुको लागी आर्थिक आधारशिला तयार गरेको छ।

(ख) परियोजना विकासको निरन्तरताकै क्रममा यस कम्पनीले भैंसेपाटीमा १९० वटा अपार्टमेन्टहरू निर्माण गरी सम्पूर्ण युनिटहरू बिक्री गरेर विगतमा उल्लेखनीय नाफा आर्जन गर्न सफल भएको थियो । यस परियोजनाले कम्पनीको विकासको कम तथा क्षमतालाई सुदृढ बनाएको छ, साथै बजारमा ब्रान्डको विश्वास र प्रतिष्ठा आर्जन गर्न सफल भएको छ ।

(ग) हाल विकास गरिएको अर्को परियोजना "होटल क्रिष्टल पशुपति" आंशिक रुपमा संचालन रहेको छ । यस परियोजनाको थप सेवा सुविधा विस्तार कार्यहरू जारी रहेकोले छिट्टै पूर्ण आम्दानी गर्नेछ । साथै निर्माण कार्य पूर्ण सम्पन्न भएपछि यो परियोजनाले आतिथ्य सेवा क्षेत्रबाट थप लाभ दिनेछ ।

(३) वित्तीय प्रक्षेपणहरू : ट्रेड टावर लिमिटेडका हालका परियोजना पोर्टफोलियोले मजबुत सम्भाव्यता मापदण्डहरू देखाउँछ। कम्पनीले रु २१ करोडको सकारात्मक नेट प्रेजेन्ट भ्यालु (NPV) कायम गरेको छ, जसले लगानीकर्तहरुको संम्पती थपिने स्पष्ट संकेत दिन्छ । कम्पनीको इन्टरनल रेट अफ रिटर्न (IRR) १८.८७% रहेको छ, जसले बलियो लगानी प्रतिफल देखाउँछ। साथै, डिस्काउन्टेड पेब्याक पिरियड(Discounted **Pay Back Period** ) ७.८२ वर्ष रहेको छ, जसले लगानीको पुन: प्राप्ति र जोखिम व्यवस्थापनको सन्तुलित दृष्टिकोणलाई उजागर गर्दछ।

(४)ट्रेड टावर थापाथली परियोजनामा १५ वर्षको बाँकी संचालन अवधि छ भने होटल क्रिष्टल पशुपतिमा ३१ वर्षको संचालन अवधि बाँकी रहेको छ। यी दुबै परियोजनाहरूले कम्पनीको दीर्घकालीन आम्दानीको सुनिश्चीता गर्दै र वित्तीय दिगोपनालाई बल प्रदान गर्दछ ।

(५) भविष्यका योजनाहरू र व्यवसाय वृद्धिको सम्भावना :ट्रेड टावर लिमिटेडले भविष्यमा थप सम्भावनायुक्त परियोजनाहरूको विकासको रणनीति बनाएको छ। कम्पनीले जर्सिङ्पौवामा व्यावसायिक फार्महाउस, नगरकोटमा एड्भेञ्चर रिसोर्ट, र इटहरीमा पाँच तारे होटल सम्बन्धी परियोजनाहरूको अध्ययन सक्रिय रूपमा गरिरहेको छ। यी सम्भावित परियोजनाहरूले कम्पनीको दीर्घकालीन आम्दानी र बजार स्थितिलाई अझ सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)** : सो नभएको ।

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरुः**

- व्यापारिक लिजीङ्ग ,फाइन्यानसिङ्ग एण्ड परियोजना विकास ।
- पर्यटन, होटल एण्ड हस्पिटालिटि सम्बन्धी व्यवसाय संचालन गर्ने ।
- कमर्सियल तथा सपिङ्ग कम्प्लेक्सहरु निमार्ण गरी सोका शटरहरु, कोठाहरु, फल्याट, भवनहरु, भवनका कवलहरु शुल्क लिई विभिन्न व्यक्ति,फर्म, कम्पनी, संस्था तथा व्यवसायीहरुलाई भाडा तथा लीजमा उपलब्ध गराउने ।
- होल्डिङ्ग कम्पनीको रुपमा काम गरी आफु अन्तर्गत आफ्नो उद्देश्य प्राप्त गर्न अन्य सहायक कम्पनी स्थापना गर्ने

(२) **प्रयोग भएको वा गरिने प्रविधि :**आवश्यक श्रोत साधनको व्यवस्था गरी लिजीङ्ग ,फाइन्यानसिङ्ग एण्ड प्रोजेक्ट डेभल्पमेन्ट मोडलमा पर्यटन, हस्पिटालिटी र व्यापारिक भवन/कम्पेलक्स परियोजनाहरु विकास गर्ने ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** मिति २०८१ साल भाद्र १५ गते क्रिष्टलको ट्रेडमार्क दर्ता गरिएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्रः**हाल परियोजना विकास काठमाडौंमा मात्र रहेको भविष्यमा देशको ७ वटै प्रदेशमा कम्तीमा एक एक वटा परियोजना विकास गर्ने लक्ष्य राखेको छ ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः** हाल पर्यटन क्षेत्रमा प्रवेश गरी होटेल क्रिष्टल पशुपति (टेड् टावर गौशाला) परियोजनाको संचालन गरिएको छ । भविष्यमा देशको ७ वटै प्रदेशमा कम्तीमा एक एक वटा परियोजना विकास गर्ने लक्ष्य राखेको छ । साथै, तत्काल नगरकोट र जर्सिङ्गपौवामा Eco Village, Organic Farm Houseर Adventure Tourism परियोजनाको प्लानिङ्ग अगाडी बढाइएको छ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिकाः**

- व्यापारिक भवन/कम्प्लेक्स परियोजना तर्फ प्रमुख बजार राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यापारिक समूह, कम्पनीहरु रहेको

- पर्यटन/हस्पिटालिटी तर्फ प्रमुख बजार आन्तरिक तथा बाह्य पर्यटकहरु रहेको ।
- स्वदेश मै परियोजना खोज/पहिचान गर्ने, अध्ययन/अनुसन्धान गर्ने, परियोजनामा लगानी, स्थापना र संचालन गर्ने ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति**: हाल ट्रेड टावर जस्तो व्यापारिक भवन/कम्प्लेक्समा ९०% माथि अकुपेन्सी र होटलहरुमा ५५% अकुपेन्सी रहेको छ । नेपाल विकासशील राष्ट्र भएकोले नेपालमा यस्ता किसिमको परियोजनाको माग अझै बढदै जाने छ । साथै नेपाल पर्यटन केन्द्र भएकोले पर्यटकहरुको संख्या वार्षिक रुपमा वृद्धि हुदैं जाने र पर्यटकीय परियोजनाको माग पनि बढदै जाने छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** निर्माण सामग्री तथा होटेल /रेष्टुरेन्टको लागि खाद्य पदार्थ स्वदेशी, विदेशी तथा स्थानीय थोक बिक्रेताको माध्यमबाट माग गरी, उपलब्धताका लागि बोलपत्र आव्हान गर्ने।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :** कम्पनीले प्रदान गर्ने सेवाको गुणस्तरलाई उच्च राख्न Standard Operating Manual & Policy बनाई सो बमोजिम व्यवस्थापनले कार्य गरिरहेको छ । कम्पनीको नियामावलीको नियम १२(६)ले दिएको अधिकार प्रयोग गरी कम्पनीको विद्यमान लेखा तथा खर्च प्रणाली, आर्थिक प्रशासन विनियमावली २०७८ तर्जुमा गरेको छ। यो विनियमहरुको नाम ट्रेड टावर लिमिटेड, आर्थिक प्रशासन विनियमावली २०७८ रहको छ ।जसलाई अंग्रेजीमा “Financial Administration Rules, 2078” भनिने छ । यो विनियमावली सञ्चालक समितिले पारित गरेको मिति देखि लागु गरिएको छ ।यस विनियमावलीमा आर्थिक देखि प्रसाशनिक कार्यहरु गर्न तथा गराउने उदेश्यले तयार गरिएको छ । ट्रेड टावर लिमिटेडको नियमावलीको दफा ९ उपदफा (६) को नियम ६ले दिएको अधिकार प्रयोग गरी संञ्चालक समितिले यो कर्मचारी सेवा विनियम, २०७८ तर्जुमा गरेको छ। यो विनियमावली सञ्चालक समितिले पारित गरेको मिति देखि लागु गरिएको छ ।यस विनियमावलीले कर्मचारीहरुको नियुत्ति ,तलब भत्ता,बढुवा,अवकाश,बिदा आदि विषयहरुमाकार्यहरु गर्न तथा गराउने उदेश्यले तयार गरिएको छ। यहि दुई विनियमावलीको अधिनमा रहि यस कम्पनीको Standard Operational Manual and policy तयार गरिएको छ ।

(१०) **अनुसन्धान तथा विकास :** परियोजना विकासको आवश्यकता अनुसार स्वदेशी/विदेशी परामर्शदाताहरुसंग परामर्श लिने, परियोजना सम्बन्धि गोष्ठी/कार्यशाला/तालिम आयोजना गर्ने/गराउने ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असरपर्ने गरी भएको वाधा, व्यवधानः** सो नभएको ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति** :नेपालमा यस्ता किसिमका कम्पनीहरु कम रहेको देखिन्छ । यस कम्पनीले व्यापारिक लिजीङ्ग ,फाइन्यनसिङ्ग एण्ड परियोजना विकाससम्बन्धी कार्य गर्नुका साथै पर्यटन, होटल एण्ड हस्पिटालिटि सम्बन्धी व्यवसाय संचालन गर्ने छ।

| **क.स.** | **ट्रेड टावर थापाथली तर्फ** | **होटल क्रिष्टल पशुपति तर्फ** |
|---|---|---|
| १ | विशालबजार कम्पनी लिमिटेड | एयरपोर्ट होटल,एयरपोर्ट |
| २. | लबिम मल,ललितपुर | होटल मिराज ,बत्तिसपुतली |
| ३. | युनाइटेड वर्ड ट्रेड सेन्टर,त्रिपुरेश्वर | होटल आन्नद ,पशुपति |

हाल नेपालमा पूर्वाधारको बिकास कम भएको तथा लिज पूर्वधार विकास गर्ने मुख्य उद्देश्यका साथ संचालनमा आएका कम्पनीहरु ज्यादै न्युनमात्र रहेकाले यस कम्पनीको भावि व्यापारिक कारोबार तथा कम्पनीको भविष्य उज्जवल रहेको देखिन्छ ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत् सम्बन्धी विवरण :** सो नभएको ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १0% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण):**सो नभएको ।

**३.ख. सम्पत्तिको विवरण :**

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था:** कम्पनीको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था देहाय बमोजिम रहेको छ । (पुष मसान्त २०८१ बमोजिम)

| विवरण | रकम रु. | रहेको स्थान | पछिल्लो अवस्था |
|---|---|---|---|
| ट्रेड टावर थापाथली भवन | २७२,२०१,०७१.७४ | थापाथली वडा नं.११ | चालु अवस्था |
| होटेल क्रिस्टल पशुपति भवन | ७७०,०४४,५०५.४४ | गोशाला वडा नं.९ | चालु अवस्था |
| अफिस/ होटल एकुप्मेन्ट | २८,०९५,३९४.९५ | गोशाला वडा नं.९ | चालु अवस्था |
| भवनमा जडित उपकरण | १७,६२७,३९३.८५ | गोशाला वडा नं.९ | चालु अवस्थामा |
| सवारी साधन | ८,२०३,४०५.७९ | गोशाला वडा नं.९ | चालु अवस्था |
| अन्य सम्पत्ति | १११,१०६,९९७.४२ | कम्पनीको कार्यालय | चालु अवस्था |
| जम्मा सम्पत्ति | **१,२०७,२७८,७६९.१९** | | |

(ख) **बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने:** ट्रेड टावर थापाथली विल्डिङ्ग आफ्नै सम्पति हो तर भवन निर्माण भएको जग्गा मिति:२०६६।०३।१० देखि ३० वर्षको लागि तत्कालिन नेपाल सरकारको पूर्ण स्वामित्व रहेको नेपाल खाद्य संस्थानसंग सम्झौता गरि लिजमा लिएको । लिज अवधि बाँकी रहने अवधि: १५वर्ष ।

होटेल क्रिस्टल पशुपति परियोजनामा हाल सम्म गरेको विल्डिङ्ग निर्माण आफ्नै सम्पति हो तर भवन निर्माण भएको जग्गा मिति:२०७७।०३।०१ देखि ३५ वर्षको लागि लिजमा लिएको तथा सो सम्झौता मालपोत कार्यालय डिल्लीबजारमा राजश्व दस्तुर बुझाइ दर्ता/लिखत रजिष्ट्रेशन गरिएको छ । लिज अवधि बाँकी रहने अवधि: ३१ वर्ष ।

यस कम्पनीले जग्गा तथा भौतिक संरचनाहरु Long Term (३०-३६ बर्ष माथिको) लिजमा लिई, त्यसमा परियोजना विकास गरि, लिज अवधिभर परियोजना संचालन गरी, लगानी लागत तथा नाफा उठाई, लिज अवधि पश्चात सो परियोजनाको पक्कि भौतिक संरचनाको स्वामित्व जग्गा धनिलाई हस्तान्तरण गर्नेछ । साथै जग्गा धनीले सो सम्पत्ति फेरि भाडा/लिजमा दिन चाहेमा पहिलो प्राथमिकता यसै कम्पनीको हुने गरि सम्झौता गरिएका छन् । परियोजनाको पक्कि संरचना बाहेक अन्य सम्पत्तिहरु भने यस कम्पनीकै हुनेछ ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण:**सो नभएको ।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पत्तिहरुको मूल्य परल मोलमा नै राखिएको र पुनर्मूल्यांकन गरिएको छैन ।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** लागु नहुने ।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

(क) **व्यवसाय/सेवाको बृद्धिका लागी संस्थाको भावी योजना वा त्यस्तो योजनाको प्राप्तिका लागी चालिने समयवद्ध रणनीती :**

(क) भावियोजनाको रुपमा यो कम्पनीले देशको ७ वटै प्रदेशमा कम्तीमा एक एक वटा पर्यटन सम्बन्धी परियोजना विकास गर्ने लक्ष्य राखेको छ।

(ख) तत्काल नगरकोट र जर्सिङ्गपौवामा Eco Village, Organic Farm House र Adventure Tourism परियोजना सुरु गर्ने रणनिति रहेको छ।

(ग) इटहरीमा स्वदेशी तथा विदेशी पर्यटकहरुका लागी सुविधा सम्पन्न पाँच तारे होटल परियोजनाको विकास गर्ने लक्ष्य रहेको छ।

(घ) यस कम्पनीद्वारा हाल संचालित ट्रेड टावर थापाथली र होटल क्रिष्टल पशुपतिबाट आर्जित मुनाफाले धार्मिक पर्यटकिय क्षेत्र जनकपुरमा आधुनिक करिब २००० जना अट्न सक्ने विवाह मण्डप सहितको सभा हलको रणनिति रहेको छ।

(ङ)) स्वदेशी तथा विदेशी संघ संस्था, बैंक, इन्सूरेन्स, नेपाल सरकार तथा व्यक्ति विशेषको समेत यस कम्पनीमा सहभागिता संयूक्त रुपमा पर्यटन व्यवसाय, पर्यटकीय केबुलकार, तथा अन्य पुर्वाधार निर्माण तथा लिजमा लिई संचालन गर्ने गराउने साथै सम्बन्धीत परामर्सदाताका् रुपमा कार्य गर्ने लक्ष्य रहेको छ ।

(च) कम्पनीले आफ्नो उदेश्य प्राप्तीका लागी व्यवसायिक रुपममा,देखिएको अन्य व्यवसायिक क्षेत्रमा पनि लगानी गर्ने संभाव्य रणनिति रहेको छ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिका आधारमा संगठित संस्थाको भविष्य:**
नेपालमा लिजिङ्गमा आधारित परियोजना विकास गर्ने कम्पनीहरु कम रहेको र नेपाल विकासशील राष्ट्र भएकोले व्यापारिक भवन/कम्प्लेक्स जस्ता पूर्वाधार अझै आवश्यक भएको हुनाले यसमा प्रतिस्पर्धा कम रहेको छ। तर पर्यटन/हस्पिटालिटी परियोजनामा केही प्रतिस्पर्धामा जान सक्ने र प्रतिस्पर्धी रही लगानीकर्तालाई उचित प्रतिफल दिन सक्षम रहने कुरामा यस कम्पनी विश्वस्त रहेको छ।

## ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ।

| | |
|---|---|
| संस्थापक समुहबाट मनोनित वा निर्वाचित सञ्चालकहरू | ३ |
| सर्वसाधारण शेयरधनी मध्येबाट निर्वाचीत | १ |
| स्वतन्त्र सञ्चालक | १ |
| **जम्मा** | **५** |

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १,००० (एक हजार) कित्ता शेयर आफ्नो नाममा खरीद गरेको हुनु पर्नेछ तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधि संचालकको हकमा यो व्यवस्था लागु हुने छैन।

**नोट :** संशोधित पूँजी संरचना बमोजिमको प्रतिनिधित्व हुने गरी सर्वसाधरण शेयरधनी मध्येबाट समेत संचालक समितिमा प्रतिनिधित्व हुने गरी को व्यवस्था आगामी साधारण सभाबाट गरिनेछ।

## ग.४. पुँजी संरचना सम्बन्धी जानकारी :

**(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्वन्धी विवरण:**

**अधिकृत पुँजी:** कम्पनीको अधिकृत पूँजी रु.१,००,००,००,०००/–(अक्षरेपी एक अर्ब रुपैंया) रहेको छ । उक्त पूँजीलाई रु.१००/–का दरले १,००,००,००० (एक करोड) थान साधारण शेयरमा बिभाजन गरिएको छ।

**जारी पुँजी:** कम्पनीको जारी पूँजी रु.८१,५६,०९,७००/-(अक्षरेपी एक्कासी करोड छपन्न लाख नौ हजार सात सय रुपैंया मात्र) रहेको छ ।उक्त पूँजीलाई रु.१००/–का दरले ८१,५६,०९७ ( अक्षरेपी एक्कासी लाख छपन्न हजार सन्तानब्बे) थान शेयरमा बिभाजन गरिएको छ।

**चुक्ता पुँजी:** कम्पनीले आफ्नो जारी पूँजी मध्ये ४१,८४,४०४ थान शेयर बापतको प्रति शेयर रु. १००/- का दरले जम्मा रकम रु.४१,८४,४०,४००/–कम्पनीको संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको र बाँकी ३९,७१,६९३ थान शेयर सार्वजनिक निष्कासनद्वारा सर्वसाधारणलाई जारी गर्नेछ। सर्वसाधारणको लागि छुट्टयाइएको ३९,७१,६९३ बराबरको पूरै शेयर निष्कासन भएपछि कम्पनीको चुक्ता पूँजी रु.८१,५६,०९,७००/-हुनेछ।

**(ख) निष्कासन पछिको चुक्ता पुंजी(समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)**
सर्वसाधारणहरुमा साधारण शेयर निष्कासन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| क्र.सं. | शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता रकम(रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनी (समुह क) | ४१,८४,४०४ | ४१,८४,४०,४०० | ५१.३०४% | शतप्रतिशत |
| २. | सर्वसाधारण शेयरधनी(कर्मचारीहरु समेत)( समुह ख) | ३९,७१,६९३ | ३९,७१,६९,३०० | ४८.६९६% | बाँकी |
| | **जम्मा** | ८१,५६,०९७ | ८१,५६,०९,७०० | **१००%** | |

**(ग) शेयर प्रिमियम खाता (निष्कासन पूर्व र निष्कासन पश्चात्) :** शेयरमा प्रिमियम खाताको व्यवस्था हाल नरहेको।

**ग.५.संस्थापक/संचालक सम्बन्धी जानकारी**

**ग.५.क. संस्थापक/सञ्चालकको पृष्ठभूमी :**

**(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता,अनुभव, र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण :**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व तथा होल्डिङ्ग प्रतिशत | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|
| १ | शिवहरी दंगाल, गौशाला, काठमाडा | अध्यक्ष | ५२ | नेपाली | १२,९२,१५७ (३०.८८%) | स्नातकोत्तर (Engineering) | हाल अध्यक्ष : ट्रेड टावर लि.<br>हाल अध्यक्ष : संकल्प हस्पिटालिटि प्रा.लि.(होटल ल्यान्डमार्क काठमाण्डौं, दरबार मार्ग)<br>हाल संचालक : ग्रमिण विकास लघुवित्त वित्तय संस्थान लि.<br>पूर्व अध्यक्ष : पिपुल्स इनभेष्टमेन्ट कम्पनी लि. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | विभिन्न परियोजना विकास तथा निर्माणमा कन्सल्टेन्ट् : होटल कासाई लुम्बिनी, अमेरीकी दुतावास, फोहरा दरवार, वल्ड ट्रेड सेन्टर, काठमाण्डौ विश्व विद्यालय, आदी ।<br>उपाध्यक्ष :नेपाल ब्राजिल,चेम्बर अफ कर्मश<br>सदस्य : नेपाल अष्ट्रेलिया चेम्बर अफ कर्मश<br>सदस्य : नेपाल टर्की चेम्बर अफ कर्मश<br>कोषाध्यक्ष– नेपाल–इजरायल चम्बर अफ कर्मश |
| ३ | सुष्मा लम्साल , गौशाला, काठमाडौं | संचालक | ५२ | नेपाली | ९,६६,३६६ (२३.०९ % ) | स्नातक (Economics) | हाल संचालक : ट्रेड टावर लि.<br>हाल संचालक : संकल्प डिजाइन एण्ड डेभलपर्स प्रा.लि.<br>पूर्व अध्यक्ष : फ्युचर स्टार डिजाइन एण्ड डेभलपर्स प्रा.लि. |
| ४ | सौगात दंगाल, गौशाला, काठमाडा | शेयरधनी | २४ | नेपाली | ३,६४,४८९ (८.७१ % ) | स्नातक - (Business) | वित्तिय र लेखामा अनुभव |
| ६ | सतिस न्यौपाने , बानेश्वर, काठमाडा | संचालक | ४७ | नेपाली | १,४३,३२५ (३.४३ % ) | स्नातक (Commerce) | .संचालक : ट्रेड टावर लि.<br>पूर्व अध्यक्ष : अपि पावर लि .<br>अनुभव : परियोजना विकास, निर्माण तथा संचालन सम्बन्धी ( रिडी हाइड्रो, अपि पावर लि., अरुण भ्याली आदी) |
| ७ | फ्युचर स्टार डिजाइन एण्ड डेभलपर्स प्रा.लि., शंखमुल–१० काठमाण्डौ । | शेयरधनी | – | कम्पनी | १,५८,८०५ (३.८० % ) | | लागू नहुने |

**संचालकहरुको विवरण**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रस्तावित | अन्य व्यापार/व्यवसाय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. | शिवहरी दंगाल, गौशाला, काठमाडौं | अध्यक्ष | ५२ | नेपाली | १२,९२,१५७ (३०.८८ %) | स्नातक (इन्जिनियरिङ्ग) | यस कम्पनीको स्थापना देखि नै संचालक समितिमा रहनुभएको | १.अध्यक्षः संकल्प हस्पिटालिटि प्रा.लि. (Hotel Landmark Kathmandu) स्थापना देखि नै संचालक समितिमा रहनुभएको, २.संकल्प डिजाइन एण्ड डेभलपर्स प्रा.लि.मा स्थापना काल देखि नै संचालक समितिमा रहनु भएको , ३.फ्युचर स्टार डिजाइन एण्ड डेभलपर्स प्रा.लि.मा स्थापना काल देखि संचालक समितिमा रहनु भएको , ४. मिति २०७८ भदौ महिना देखि हाल सम्म ग्रामिण विकास लघुवित्त वित्तिय संस्थान लिमिटेडमा संचालक रहनुभएको |
| २. | सतिस न्यौपाने , बानेश्वर, काठमाडौं | संचालक | ४७ | नेपाली | १,४३,३२५ (३.४२ % ) | स्नातक (कमर्स) | यस कम्पनीको स्थापना देखि नै संचालक समितिमा रहनुभएको । | १.अपि पावर कम्पनी लिमिटेड स्थापना काल देखि संचालक समितिमा रहनु भएका २.अपि हाइड्रो मेकानिकल स्थापना काल देखि संचालक समितिमा रहनु भएका प्रा.लि. प्रबन्ध संचालक ३.ट्रेड टावर विजनेस सेन्टर प्रा.लि. संचालकस्थापना काल देखि संचालक समितिमा रहनु भएका |
| ३. | नवराज विष्ट, अनामनगर, काठमाडौं | संचालक | ७३ | नेपाली | ४,४३८ (०.११ % ) | स्नातकोत्तर (कमर्स) | विगत ८ वर्षदेखि यस कम्पनीको संचालक समितिमा रहनुभएको | १.तत्कालीन शाही सेनामा २०२८.७.२५ गते देखि २०५९.११.२ सम्म एल.टि. कर्नेलको दर्जामा कार्यरत २.२०५९.११.२१ गतेबाट शसत्र प्रहरी बलमा डि.आइ.जि.को दर्जामा कार्यरत तथा २०६५.६.२६ गते अवकाश प्राप्त । ३.पूर्व राष्ट्र सेवक संगठन राष्ट्रिय समन्वय परिषद नेपालमा कोषाध्यक्ष मिति २०७५.६.५ देखि हाल सम्म |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ४.अमरावती सहकारी संस्थामा लेखा समितिको संयोजक<br>५.संकल्प डिजाइन एण्ड डेभलपर्स प्रा.लि २०६६ देखि हालसम्म संचालक |
| ४. | सुष्मा लम्साल , गौशाला, काठमाडौं | संचालक | ५२ | नेपाली | ९,६६,३६६<br>(२३.०९ % ) | स्नातक (अर्थशास्त्र) | मिति २०७८।०९।२९ देखि संचालक हुनुभएको | संकल्प डिजाइन एण्ड डेभलपर्स प्रा.लि.मा स्थापना काल देखि नै संचालक समितिमा रहनु भएको, |
| ५. | भरत राज कोइराला,मैतिदेवि, काठमाडौं | स्वतन्त्र संचालक | ७५ | नेपाली | ० | आई.कम. | मिति २०७८।०९।२९ देखि संचालक हुनुभएको | १.ग्रामिण विकास लघुवित्त वित्तीय संस्थानमा अध्यक्ष २०८० भदौ देखि हाल सम्म ।<br>२.पुर्वान्चल विकास बैकमा संचालक २०६८ देखि २०७३ सम्म<br>३.पत्रकारिता साप्ताहिक विमर्श पत्रिकामा २०४५ देखि २०६० सम्म । |

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| क्र.स. | संस्थापक कम्पनीको नाम, ठेगाना | विवरण | संचालकहरुको नाम, ठेगाना |
|---|---|---|---|
| १. | फ्युचर स्टार डिजाइन एण्ड डेभलपर्स प्रा.लि. शंखमुल–१० काठमाण्डौ । | (क) सम्पूर्ण इन्जिनियरिङ्ग डिजाइन गर्ने , इन्जिनियरिङ्ग परियोजनाहरुको सुपरिवेक्षन गर्ने ,साथै कन्सलटेन्सी सेवा प्रदान गर्ने,गराउने ।<br>(ख) देशका बिभिन्न स्थानमा जग्गा जमिन ,घर खरिद गरि वा लिजमा लिई सो मा आबश्यक पूर्वाधार तयार गरि घडेरी बिक्रि बितरण गर्ने गराउने ।<br>(ग) देशका बिभिन्न स्थानमा जग्गा जमिन ,घर खरिद गरि त्यसलाई बिकास गरि सुविधा सम्पन्न व्यापारिक भवन ,अपार्टमेन्ट ,कमप्लेक्स ,आबसिय भवनहरु निर्माण गरी त्यसलाई बिक्री बितरण गर्ने , लिजमा वा भाडामा उपलब्ध गराउने तथा सो मा आफैले व्यवसाय संचालन गर्ने,गराउने कार्य गर्ने ।<br>(घ) आधुनिक सुविधा सम्पन्न कमर्सियल कमप्लेक्स,भाडा लिने दिने , अपार्टमेन्ट, डिपार्टमेन्ट भवन ,स्टोरहरु व्यापारिक केन्द्रहरुको निर्माण गरी निर्माण कमर्सियल तथा सपिङ्ग कमप्लेक्सहरु, सोका शटरहरु ,कोठाहरु ,फ्ल्याट ,भवनहरु ,भवनका कबलहरु शुल्क लिई विभिन्न व्यक्ति, फर्म,कम्पनी,संस्था तथा व्यवसायहरुलाई भाडा तथा लिजमा उपलब्ध,गराउने ,उपभोगताकताको माग बमोजिम बिक्रि बितरण गर्ने व्यवसाय संचालन गर्ने ।<br>(ङ) देशका बिभिन्न स्थानहरुमा जग्गा खरिद गरी वा लिजमा लिई सो जग्गालाई विकास गरी आधुनिक किसिमबाट जग्गा डिजाइन गरी भु-बनोटको आधारमा मिल्ने गरी आधुनिक ज्ञान प्रविधि अपनाई सर्वसाधारण समेतको लागी उपयुक्त सुबिधायुक्त आवास क्षेत्रहरु,घडेरीहरुको निर्माण गरी खरिदकर्ताको माग वमोजिम घडेरीहरु बिक्रि गर्ने ।<br>(च) उपयुक्त उद्देश्यसंग सम्बन्धित रियलस्टेट ,हाउजिङ्ग तथा व्यवसायीक कम्पनी,व्यक्ति वा व्यक्ति संग,सस्थाहरुसंग सहभागी भएर वा एकल रुपमा जग्गा विकास गर्ने ,भवन निर्माण गर्ने तथा ,हाउजिङ्ग सम्बन्धी कार्य गर्ने ।<br>(छ) घर,जग्गाहरुको खरिद बिक्रि गर्ने तथा रियलस्टेट सम्बन्धी सम्पूर्ण कार्य गर्ने ।<br>(ज) अन्य कम्पनी ,फर्म,सस्था तथा व्यवसायीहरुले निर्माण गरेका भवन, कमप्लेक्सहरु, तथा जग्गाहरु लिजमा दिने वा भाडामा लगाउने ।<br>(झ) विभिन्न बैंक बित्तिय संस्था वा कम्पनीबाट जारी गरिएको शेयरमा लगानी ,बिक्रि गर्ने गराउने । | शिवहरी दंगाल, गौशाला वडा नं.९ |

| | | | |
|---|---|---|---|
| | | (ञ) विभिन्न स्वदेशी तथा बिदेशी कम्पनीहरुको स्थानिय प्रतिनिधि भई कार्य गर्ने,गराउने । | |
| २ | संकल्प डिजाइन एण्ड डेभलपर्स प्रा.लि. थापाथली ११ | (क) सम्पूर्ण इन्जिनियरिङ्ग डिजाइन गर्ने , इन्जिनियरिङ्ग परियोजनाहरुको सुपरिवेक्षन गर्ने ,साथै आवश्यक कन्सलटेन्सी सेवा प्रदान गर्ने,गराउने ।<br>(ख) इन्टेरियर डिजाइन तथा जडान सम्बन्धी सम्पूर्ण सेवा प्रदान गर्ने,गराउने ।<br>(ग) देशका बिभिन्न स्थानमा जग्गा जमिन ,घर खरिद गरि वा लिजमा लिई सो मा आबश्यक पूर्वाधार तथार गरि घडेरी बिक्रि बितरण गर्ने गराउने ।<br>(घ) देशका बिभिन्न स्थानमा जग्गा जमिन ,घर खरिद गरि त्यसलाई बिकास गरि सुविधा सम्पन्न व्यापारिक भवन,अपार्टमेन्ट ,कमप्लेक्स ,आबसिय भवनहरु निर्माण गरी त्यसलाई बिक्री बितरण गर्ने , लिजमा वा भाडामाउपलब्ध गराउने तथा सो मा आफैले व्यवसाय संचालन गर्ने,गराउने कार्य गर्ने ।<br>(ङ) आधुनिक सुविधा सम्पन्न कमर्सियल कमप्लेक्स,भाडा लिने दिने , अपार्टमेन्ट, डिपार्टमेन्ट भवन ,स्टोरहरु व्यापारिक केन्द्रहरुको निर्माण गरी निर्माण कमर्सियल तथा सपिङ्ग कमप्लेक्सहरु, सोका शटरहरु ,कोठाहरु ,फ्ल्याट,भवनहरु ,भवनका कबलहरु शुल्क लिई विभिन्न ब्यक्ति, फर्म,कम्पनी,संस्था तथा व्यवसायहरुलाई भाडा तथा लिजमा उपलब्ध,गराउने ,उपभोगताकताको माग बमोजिम बिक्रि बितरण गर्ने व्यवसाय संचालन गर्ने ।<br>(च) देशका बिभिन्न स्थानहरुमा जग्गा खरिद गरी वा लिजमा लिई सो जग्गालाई विकास गरी आधुनिक किसिमबाट जग्गा डिजाइन गरी भु-बनोटको आधारमा मिल्ने गरी आधुनिक ज्ञान प्रविधि अपनाई सर्वसाधारण समेतको लागी उपयुक्त सुबिधायुक्त आवास क्षेत्रहरु,घडेरीहरुको निर्माण गरी खरिदकर्ताको माग वमोजिम घडेरीहरु बिक्रि गर्ने ।<br>(छ) उपयुक्तु उद्देश्यसंग सम्बन्धित रियलस्टेट ,हाउजिङ्ग तथा व्यवसायीक कम्पनी,ब्यक्ति वा ब्यक्ति संग, सस्थाहरुसंग सहभागी भएर वा एकल रुपमा जग्गा विकास गर्ने ,भवन निर्माण गर्ने तथा ,हाउजिङ्ग सम्बन्धी कार्य गर्ने ।<br>(ज) घर,जग्गाहरुको खरिद विक्रि गर्ने तथा रियलस्टेट सम्बँन्धी सम्पूर्ण कार्य गर्ने ।<br>(झ) अन्य कम्पनी ,फर्म,सस्था तथा व्यवसायीहरुलेृ निर्माण गरेका भवन, कमप्लेक्सहरु, तथा जग्गाहरु लिजमा दिने वा भाडामा लगाउने ।<br>(ञ) विभिन्न बैंक बित्तिय संस्था वा कम्पनीबाट जारी गरिएको शेयरमा लगानी ,बिक्रि गर्ने गराउने ।<br>(ट) विभिन्न स्वदेशी तथा बिदेशी कम्पनीहरुको स्थानिय प्रतिनिधि भई कार्य गर्ने,गराउने । | शिवहरी दंगाल, गौशाला वडा नं.९<br><br>शुष्मा लम्साल, गौशाला वडा नं.९<br><br>नवराज विष्ट, नयाँ बानेश्वर वडा नं.३२ |
| ३ | शिवशंकर परिवहन सेवा प्रा.लि. वडा नं.४,स्पेशल लाइर्न नगर पालीका महेन्द्रनगर,कञ्चनपुर | (क) सर्व सुलभ तरीकाबाट नेपाल अधिराज्यभर लामो ,छोटो दूरीका सवारी साधनहरुबाट यातायात तथा ढुवानी सेवा संचालन गरी यसलाई निरन्तरता,निश्चितता प्रदान गर्ने ।<br>(ख) सर्व साधारणको हितलाई ध्यानमा राखी दिवा तथा रात्री बस,मीनि बस,ट्याक्सी ,ट्याम्पो बाट यातायात संचालन गर्ने ।<br>(ग) सामानहरु ओसार पसार गर्नका लागी ट्रक ,टेंकर ,टिपर ,मिनी ट्रक आदीको माध्यमबाट ढुवानी सेवा संचालन गर्ने ।<br>(घ) शहरी क्षेत्रमा बढ्दै गईरहेको जनसंख्या लाई मध्यनजर गर्दे शहरी क्षेत्रमा मिनि बस (सिटी बस) ट्याक्सी सेवा संचालन गर्ने ।<br>(ङ) यातायात सम्बन्धी साधनहरु तथा यन्त्र ,उपकरणहरु समेत खरिद बिक्री गर्ने ।<br>((च) स्वदेशी तथा विदेशी कम्पनी ,उत्पादक वा बिक्रेताको एजेण्ट ,प्रतिनिधि एवं डिष्ट्रिब्यूटर्स भै काम गर्ने ।<br>(छ) यातायात सम्बन्धी विभिन्न सामानहरु स्वदेश तथा बिदेशबाट आयात निर्यात गर्ने ।<br>(ज) यातायात साधानहरु निर्माण गर्न यन्त्र शालाको निर्माण गर्ने ।<br>(२) कम्पनीको उपदफा (१) बमोजिमको उद्देश्य कार्यन्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यन्वयन गरिनेछ ।<br>(३) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्रदिनभित्र त्यस्तो अनुमति वा<br>इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यलयमा पेश गरिनेछ । | तिर्थराज चटौत, वडा नं. ४ महेन्द्रनगर,कञ्चनपुर<br><br>खगेश्वर बोहोरा, वडा नं.४, महेन्द्रनगर,कञ्चनपुर<br><br>अभिषेक भण्डारी, वडा नं.४ महेन्द्रनगर,कञ्चनपुर |

| | | | |
|---|---|---|---|
- कर्मचारीहरूको औसत तलब तथा सुविधा ८% ले वृद्धि हुने अनुमान गरिएको छ।
- प्रशासनिक खर्च उपभोक्ता मूल्य सूचकांक (CPI) अनुसार वार्षिक ५.२६% ले वृद्धि हुनेछ।
- लागत प्रत्येक वर्ष ५.२६% को दरले वृद्धि हुने अनुमान गरिएको छ, जुन नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको उपभोक्ता मूल्य सूचकांक (CPI) को आधारमा गरिएको हो। यो दर आ.व. २०८०/८१ को मध्य पुससम्मको ६ महिनाको तथ्यांकमा आधारित छ।
- भवन र ROU सम्पत्तिमा सिधा रेखा विधि प्रयोग गरिएको छ, बाँकीमा अघिल्लो वर्षको दर यथावत छ।
- ओभरड्राफ्टको ब्याजदर १२% मानिएको छ।
- दीर्घकालीन ऋणमा ब्याजदर EIR पद्धतिमा, २०८०/८१ को आधार दर अनुसार तय गरिएको छ।
- आयकरको गणना आयकर ऐन २०५८ अनुसार गरिएको छ।
- WACC गणनाको लागि, इक्विटी लगानीमा अपेक्षित प्रतिफल दर २१% र ऋणमा १२% मानिएको छ।

**ग.९.ख. वित्तीय अनुपात सम्बन्धी विवरण :**

**(क) सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीनबर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीनबर्षको प्रक्षेपित प्रति शेयर आम्दानी(EPS)तथा प्रति शेयर नेटवर्थ** :कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ ।

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | पुस मसान्त २०८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| चुक्ता पूँजी (रु. हजारमा) | ३४९,१०२ | ३७९,१०२ | ३७९,१०२ | ४१८,४४० | ८१५,६१० | ८१५,६१० | ८१५,६१० |
| अग्रिम शेयर पूँजी (रु. हजारमा) | - | - | ३९,३३८ | - | - | - | - |
| जगेडा तथा कोष (रु. हजारमा) | १३,८६३ | २७,००५ | ४८,२०० | ५६,०४८ | ६६,१६३ | १०१,५०८ | १२५,५५१ |
| जम्मा नेटवर्थ (रु. हजारमा) | **३६२,९६५** | **४०६,१०७** | **४६६,६४१** | **४७४,४८९** | **८८१,७७३** | **९१७,११७** | **९४१,१६०** |
| शेयर संख्या (हजारमा) | ३,४९१ | ३,७९१ | ३,७९१ | ४,१८४.४० | ८,१५६ | ८,१५६ | ८,१५६ |
| प्रति शेयर नेटवोर्थ (रु.) | १०३.९७ | १०७.१२ | १२३.०९ | ११३.३९ | १०८.११ | ११२.४५ | ११५.३९ |
| खुद मुनाफा-नोकसान (रु. हजारमा) | ७,१९३ | १३,६२६ | २१,३३७ | ७,८४८ | १७,९६३ | ३५,३४४ | ४८,५११ |
| प्रति शेयर आम्दानी (रु.) | २.०६ | ३.५९ | ५.६३ | १.८८ | २.२ | ४.३३ | ५.९५ |
| प्रति शेयर चुक्तापूँजी (रु.) | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | १.९८% | ३.३६% | ४.५७% | १.६६% | २.०३% | ३.८५% | ५.१६% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुन नेटवोर्थमा आवश्यक न्यूनतम प्रतिफल (%) = ५.२१ | | | | | | | |

**नोटः** पुस मसान्त २०८१ अपरिष्कृत विवरण लेखापरिक्षकद्धारा प्रमाणित गरिएको । आ.व.२०७८।७९को विवरण NAS अनुसार र आ.व.२०७९।८० र आ.व.२०८०।८१ को विवरण NFRS बमोजिम प्रस्तुत गरिएको ।

**(ख) विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल : ३.३०%**
प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठिक छ भनी पि.अर्याल एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्टबाट प्रमाणित गरिएको छ ।

**ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**
**ग.१०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :**
(क) यस कम्पनीको प्रबन्धपत्रमा व्यवस्था भए अनुसार जारी पूँजी रु.८१,५६,०९,७००/-( अक्षरेपी एकासी करोड छपन्न लाख नौ हजार सात सय मात्र )को ४८.६९६ प्रतिशत अर्थात रु ३९,७१,६९,३००/-(अक्षरेपी उन्चालिस करोड एकहत्तर लाख उनन्सत्तरी हजार तिन सय मात्र) रकम बराबरको रु १०० अंकित दरमा ३९,७१,६९३ कित्ता सार्वजनिक निष्काशन गरिने छ । सो मध्ये ३,९७,१६९.३० कित्ता अर्थात १० प्रतिशत शेयर नेपाल सरकारको सम्बन्धित निकायको श्रम स्वीकृती लिई बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको लागी ७९,४३३.८६ कित्ता शेयर अर्थात २ प्रतिशत शेयर कम्पनीको सेवामा रहेका कर्मचारीहरुको लागि १,९८,५८४.६५ कित्ता शेयर अर्थात ५ प्रतिशत शेयर सामुहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी रहने ३२,९६,५०५.१९ कित्ता शेयर सार्वजनिक निष्काशन गरी कम्पनीको संचालक समितिमा सर्वसाधारणको तर्फबाट समेत प्रतिनिधित्व गर्ने गराउने ।

(ख)यस कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्ने ।

(ग)कम्पनीले हाल गरिरहेको कारोबारको क्षेत्र विस्तार गरी सर्वसाधारण जनताहरुलाई समेत यस कम्पनीले आफ्नो उद्देश्य अनुरुपको कार्य सम्पादन गर्नको लागि सर्वसाधारणहरुलाई सहभागी गराउन ।

(घ)सार्वजनिक निष्काशन मार्फत संकलित पूँजीको सदुपयोग गरी परियोजना निमार्ण गर्न बैंक तथा अन्यबाट लिएको ऋण भुक्तानी गरी, ब्यबसाय बिस्तार गर्ने ।

**ग.१०.ख धितोपत्र निष्कासनबाट प्राप्त पुँजीको उपयोग**

- **(क) निष्कासनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण :**
- सार्वजनिक निष्काशनबाट प्राप्त शेयर पूँजी रु.३९,७१,६९,३००/-रकमलाई तपसिल बमोजिम प्रयोग गरिने छ ।

| **विवरण** | **रकम (रु.)** | कैफियत |
|---|---|---|
| कर्जाको साँवा तथा व्याज भुक्तानी | ३०,००,००,०००/- | लक्ष्मी सनराइज बैकको आंशिक कर्जा तथा व्याजको भुक्तानी |
| पूँजीगत लगानी | ९,००,००,००० /- | होटल क्रिष्टल पशुपतिको क्षमता बृद्धि,होटल रुम थप तथा सोना स्पाहरुको सुविधा थप गर्ने । |
| मर्मत संभार खर्च | ७१,६९,३०० /- | ट्रेड टावर थापाथलीको भवनको डोम तथा छाना मर्मत संभार( Overhauling) गर्ने कार्य । |
| **जम्मा** | रु.३९,७१,६९,३००/-- | |

**(ख) सार्वजनिक निष्कासन गरिने धितोपत्र पूर्ण रुपमा विक्री नभएमा सार्वजनिक निष्कासनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था :**
यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको शतप्रतिशत प्रत्याभुति गराइएको हुनाले निष्काशित शेयर पूर्ण रुपमा बिक्री नभएपनि प्रत्याभुतिकर्ता द्धारा सकारिने छ ।

**(ग) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :**

- परियोजनाको निर्माणको लागत र २०८१ पौष मसान्तसम्म सम्पन्न भएको कामको विवरण एवं बाँकी रहेको कामको रकम सहितको विवरण निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

| सि.न. | विवरण | परियोजनामा लागेको खर्च (रु) | परियोजनामा लाग्ने बाँकी अनुमानित खर्च (रु) | परियोजना समाप्त भैसकेको भए सो को विवरण |
|---|---|---|---|---|
| १ | होटल क्रिष्टल पशुपति, | ७७,००,४४,५०५/– | १८,६४,१८,७१५/– | निर्माण सम्पन्न भई क्षमता बृद्धिको कार्य |

| | | | | |
|---|---|---|---|---|
| | रेष्टुरेन्ट,ब्याङक्वेट सभा हल तथा स्पा | | | भईरहेको अवस्थामा रहेको |

**आयोजनाको संचालन स्थानः गौशाला, वडा नं.०९, काठमाडौं ।**

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने मितिः**

- **आयोजना आंशिक रुपमा सम्पन्न भएको मिति** : चैत्र २०८०
- **आंशिक रुपमा व्यावसायिक शुरु भएको मिति** : बैशाख २०८१
- **पूर्ण रुपमा आयोजना सम्पन्न हुने मिति : असार २०८३**
- **पूर्ण रुपमा व्यावसायिक शुरु हुने मिति : असार २०८३**

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य बूँदाहरुः** सो नभएको ।

**(च) कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरणः**
ल्याण्डमार्क होटेल चेनको ट्रेडमार्क होटल ल्याण्डमार्क पोखरा प्रा.लि. लेकसाइड, पोखराले प्रयोग गर्न स्वीकृति प्रदान गरेको छ । स्वीकृती पत्रको प्रमुख शर्तमा यस कम्पनीले उक्त ट्रेडमार्क प्रयोग गर्न पाउने तथा ल्याण्डमार्क होटलको चेन ग्रुप भित्र आफनो होटल संचालन गर्न पाउनेछ ।

**(छ) उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरणः** सो नभएको ।

**(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलव्धता र त्यसको श्रोतः**सो नभएको ।

**(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोतः** सो नभएको ।

**(ञ) सार्वजनिक निष्कासनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

(अ) निष्कासन तथा बिक्री प्रबन्धक - रु.१,००,०००/–
(आ) ट्रष्टी (डिवेन्चर निष्कासनको हकमा) - निष्कासन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।
(ई) प्रत्याभूतिकर्ता शुल्क – रु.१७,८७,२६१.८५/-
(उ) लेखापरिक्षकको शुल्क– आ.व २०८०/८१ को वित्तीय विवरण प्रमाणित गरे बापत रु.१,१३,०००/– (भ्याट सहित)
(ऊ) रेटिङ्ग शुल्क–रु.२,८८,९८७/-(भ्याट सहित)
(ऋ) अपरिष्कृत वित्तीय विवरण लेखापरिक्षकबाट प्रमाणित गरेको शुल्क–रु.१६,९५०/–(भ्याट सहित)

**ग.१०.ग. सार्वजनिक निष्कासनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः** होटल क्रिष्टल पशुपति परियोजनाको लागी प्राप्त भइसकेको कर्जा आंशिक रुपमा भुक्तानीको लागी व्यवस्था गरिनेछ ।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाइएको विधि र औचित्य :** यस कम्पनीले धितोपत्र प्रिमियममा नभई अंकित मुल्य रु १०० मा जारी गरिनेछ ।

**ग.१०.ङ धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरणः**

**क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरु :** नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई सुरक्षित गरिएको सर्वसाधारणहरुमा निष्काशन गरिने ३९,७१,६९३ कित्ता

धितोपत्रको १० प्रतिशले हुन आउने ३,९७,१६९.३० कित्ता साधारण शेयरका लागि वैदेशिक रोजगारीमा रहेका नेपालीहरुबाट अत्यधिक माग भई आएको अवस्थामा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरिनेछ । कम्पनीले वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई खरीद गर्न आह्वान गरेको धितोपत्र पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४को दफा (४) ख को उपदफा (६) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारण समुहमा थप गरी जारी गरिने छ ।

**सर्वसाधारण शेयरधनीहरु** : यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको ब्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । यदी निष्काशन गरिएको अवधि भरमा समेत सर्वसाधारणहरुबाट साधारण शेयर खरीदका लागि शेयर संख्या भन्दा न्यून संख्यामा शेयर खरिदको माग भई आएको अवस्थामा बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताबाट प्रत्याभूति सम्झौतामा उल्लेख भएको शर्त बमोजिम खरीद हुनेछ । त्यसैगरी शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्थाः** शेयर बिक्री बन्द भएको मितिले धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा २९ मा व्यवस्था भएको समय भित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँड पत्र र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ । कथम्कदाचित उक्त समय अवधिभित्र बाँडफाँड गर्न नसकेमा आवेदकलाइ दरखास्त वापत जम्मा गरेको रकम फिर्ता भुक्तानी गर्नु पर्नेछ ।
आस्बा अनिवार्य भएको अवस्थामा "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको सम्वन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** धितोपत्र निष्कासन निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँड–पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा दफा २९ को उपदफा ३ मा भएको ब्यबस्था बमोजिम शेयर बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।
उपरोक्त व्यवस्था आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन ।

(घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :**निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४(७) बमोजिम सम्वन्धीत शेयरधनीको हितग्राही खातामा अभौतिक रूपमा शेयर जम्मा गरिनेछ ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्वन्धि विवरण** : सो नभएको ।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण** :निष्काशन गरिने साधारण शेयर हाल सम्म सूचिकरण भैनसकेकोले सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ " बमोजिम बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरियरिङ्ग लिमिटेडको नियमानुसार शेयर सूचिकरण गराई धितोपत्रको कारोबार गर्ने व्यवस्था मिलाईनेछ ।

**ग.१०.च प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकमः .**
धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | नाम, ठेगाना | संख्या | रकम |
|---|---|---|---|
| १ | नेपाल एस.बि.आई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, ठमेल,काठमाण्डौ | ३९,७१,६९३ | ३९,७१,६९,३०० |

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

१. प्रथमपक्षले सर्वसाधारणमा निष्काशन गर्न लागेको ३९,७१,६९३ कित्ता शेयर रु १००/ का दरले हुने रु. ३९,७१,६९,३००/-( हजार) प्रत्याभुतिकर्ताले प्रत्याभूति गर्न मन्जुर गर्दछन् ।

२.प्रत्याभुतिकर्ताले प्रथम पक्षको प्रत्याभुति गर्न यस सम्झौताबाट कबुल गरेको शेयर कित्ता सम्मको मात्र दायित्व हुनेछ । उक्त दायित्व निम्नानुसार हुनेछ ।

| क.सं | प्रत्याभुतिकर्ताको नाम | प्रत्याभूति गरिने शेयर संख्या | प्रत्याभूति रकम | प्रत्याभूति प्रतिशत |
|---|---|---|---|---|
| १. | नेपाल एस.बि.आई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, ठमेल,काठमाण्डौ | ३९,७१,६९३ | ३९,७१,६९,३०० | १००% |
| | जम्मा | ३९,७१,६९३ | ३९,७१,६९,३०० | १००% |

३.प्रत्याभूति गरिएको शेयर पुर्ण र आंशिक रुपमा बिकि नभएमा प्रत्याभुतिकर्ताले तोकेको अनुपातमा बिकि हुन बांकि शेयर प्रथमपक्षले उक्त शेयर वापतको रकम प्राप्त गरेको बखत खरिद गर्नेछ । साथै प्रथमपक्षले समेत शेयर वापतको रकम प्राप्त गरे पश्चात उक्त शेयरको स्वामित्व यथासिघ्र प्रत्याभूतिकर्तालाई हस्तान्तरण गर्नुपर्नेछ ।

४.प्रथमपक्षको शेयर सर्वसाधारणमा बिकि गर्दा सम्पुर्ण शेयरको लागि आवेदन प्राप्त भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वतः पूरा हुनेछ ।

५. सबै पक्षको सहमतिमा भएको यस सम्झौतामा प्रत्याभूतिकर्ताको दायित्व आफुले कबोल गरेको हद सम्ममात्र सिमित हुनेछ । कथंकदाचित कुनै एक पक्षले पूरा गनुपर्ने आर्थिक दायित्व पुरा नगरेमा अर्को पक्षले दायित्व पूरा गराउन प्रचलित ऐन नियम अनुसार कारवाही गर्न सकिनेछ ।

६.शेयर प्रत्याभूति सम्झौता मिति २०८२ साल भदौ ११ गते सम्म बहाल रहनेछ ।

७.अन्य व्यवस्थाहरु नेपालको प्रचलित कानुन तथा सम्झौतामा व्यवस्था भए अनुसार हुनेछ ।

**ग.१०.छ आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरण-पत्र अनुसार निष्कासन गरिने साधारण शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यबस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, वडा नं. ११, टेड्र टावर,थापाथली, काठमाण्डौं वा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड, नयाँ बानेश्वरमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरण-पत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्कासनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले न्युनतम १० (दश) कित्ता र १० अंकको गुणाङ्कमा अधिकतम १,००० (एक हजार) कित्तासम्म शेयर खरीद गर्नका लागि दरखास्त दिन सकिनेछ ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा वसी रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन्।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईन पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन्।

५. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन्।

६. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

७. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

८. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

९. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।

घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।

ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

च. आवेदकको हितग्राही -डिम्याट खाता नम्बर

१०. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन ।

११. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।

१२. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१३. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१४. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

१५. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१७. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकको गुणाङ्कमा अधिकतम १,०००(एक हजार) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ ।

**सर्वसाधारण शेयरधनीहरुको हकमा :**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्।

२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ।

३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ ।

५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदका लागि आवेदन दिनुपर्नेछ ।

६. आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरण संग रुजु हूनु पर्नेछ ।

७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

   क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।

   ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

   ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।

   घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।

   ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।

   च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

   छ. आवेदकको हितग्राही -डिम्याट खाता नम्बर ।

८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय(Dormant)रहेको हुनु हुदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

१०. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुंदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता

रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१२. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ।

१४. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम १,०००(एक हजार) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ ।

## ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति : कारोबार नभएको ।

(ख) आधारभुत शेयरधनी : कारोबार नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य : कारोबार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभुत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्न भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोबार गरेको छैन ।

## ग.१२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी ब्यबस्थापनमा नरहेको ।

## ग.१३. सुचीकृत संगठित संस्थाले सार्वजनिक निष्कासन गर्ने भएमा सो को विवरण :

**(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्युनतम, अन्तिम बजार मुल्यका साथै कारोवार भएको शेयर संख्या:** निष्काशनकर्ता कम्पनी सुचीकृत संगठित संस्था नभएको ।

**(ख) बोर्डमा विवरण-पत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्युन र अन्तिम मुल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :** सो नभएको ।

## ग.१४ पछिल्लो सार्वजनिक निष्कासनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

**संगठित संस्थाले यसभन्दा अगाडी धितोपत्र निष्कासन गर्दा तयार गरेको विवरण-पत्र वा अन्य विवरणहरुमा उल्लेख गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा**

**कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्युन हुन गएको भए यसरी फरक पर्नाको कारण :** हाल सम्म कुनै सार्वजनिक निष्कासन नगरिएको।

**ग.१५. परामर्शदाता/बिशेषज्ञ सम्बन्धी विवरण:**

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्कासन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) यस कम्पनीको लेखापरिक्षकमा आर्थिक वर्ष २०८०/८१ मा एस.जि.एण्ड एसोसियटस् रहेको छ ।

आ)यस निष्कासनको लागि प्रमुख बैंकको व्यबस्था गरिएको छैन ।

इ) यस निष्कासनको लागि देहायका बैंकलाई निष्कासन बैंक **(Banker to the Issue)** को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्कासन बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नम्बर |
|---|---|---|---|
| १. | श्री लक्ष्मी सन्राइज बैंक लिमिटेड, हात्तिसार, काठमाडौं | LS CAPITAL_ TRADE TOWER | ००५३४०११९७६ |

साथै आवश्यकता अनुसार निष्कासन वन्द भएको मितिले ३ दिनभित्र वोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्कासनको लागि निष्कासन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) यस विवरण-पत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्कासनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी पि.अर्याल एण्ड एशोशिएटस् चार्टर्ड एकाउण्टेण्ट द्वारा प्रमाणित गरिएको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरुः** सो नभएको।

**ग.१६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्कासन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण:** यो परियोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्वलगानी, र बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण प्राप्त गरि आयोजनाका कामहरु संचालन भैरहेको छ । (पुष मसान्त २०८१ बमोजिम)

| क्र.स. | बैक तथा वित्तीय संस्थाको नाम | किसिम | कर्जा स्वीकृति मिति | स्वीकृति कर्जा रकम | भुक्तानी अवधि | किस्ता भुक्तानीको तरिका | ब्याजदर | पुष मसान्त २०८१ सम्म उपयोग गरेको कर्जा रकम | बाँकी कर्जा रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | लक्ष्मी सनराइज बैंक लिमिटेड | Term Loan III | २२ डिसेम्बर २०२१ | १०७,०००,००० | अप्रिल २०३४ | त्रैमासिक | बेस रेट + ३% प्रिमियम | १०६,९०४,००० | – |
| २ | लक्ष्मी सनराइज बैंक लिमिटेड | Term Loan IV | २२ डिसेम्बर २०२१ | १६१,३००,००० | अप्रिल २०३४ | त्रैमासिक | बेस रेट + ३% प्रिमियम | १६१,१५५,००० | – |
| ३ | लक्ष्मी सनराइज बैंक लिमिटेड | Term Loan V | २२ डिसेम्बर २०२१ | १३,९००,००० | अप्रिल २०३१ | त्रैमासिक | बेस रेट + ३% प्रिमियम | १३,८८८,००० | – |
| ४ | लक्ष्मी सनराइज बैंक लिमिटेड | Term Loan VI | २२ डिसेम्बर २०२१ | २०,८००,००० | अप्रिल २०३१ | त्रैमासिक | बेस रेट + ३% प्रिमियम | २०,७८२,००० | – |
| ४ | लक्ष्मी सनराइज बैंक लिमिटेड | Term Loan VII | २३ सेप्टेम्बर २०२४ | ६,८६,००,००० | १० वर्ष | त्रैमासिक | बेस रेट + ३% प्रिमियम | १,१९,२२,५४३ | ५,६६,७७,४५७ |
| | | **जम्मा** | | ३७१,६००,००० | | | | ३,१४,६,५१,५४३ | ५,६६,७७,४५७ |

**१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा: सो नभएको ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण: सो नभएको ।

(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने : सो नभएको ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडका हिमांशु महर्जनलाई ०१-५९७००६४ मा सम्पर्क गर्न सकिनेछ ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्कासन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्कासन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२० ऋणपत्र निष्कासन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्कासन सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२२ अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** प्रक्षेपित वित्तीय विवरण ठिक छ भनि पि.अर्याल एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्टद्धारा प्रमाणित गरिएको हो । वास्तविक वित्तीय विवरणका आधारमा संगठित संस्थाले तयार गरेको प्रक्षेपित वित्तीय विवरण यथार्थपरक रहेको व्यहोरा प्रमाणित गरी आफ्नो राय व्यक्त गर्नुभएको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

| क्र.स. | लेखा परिक्षकको कम्पनीको नाम | आ.व. | कैफियत |
|---|---|---|---|
| १ | एस.पि.पौडेल एण्ड एसोसियटस् | २०७८/७९ | |
| २ | एस.जि.एण्ड एसोसियटस् | २०७९/८०<br>२०८०/८१ | एस.पि.पौडेल एण्ड एसोसियटस्को भन्दा कम मुल्यमा गर्ने भएकोले संचालक समितीको निर्णय अनुसार साधारण सभाबाट पारित भएकोले । |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

कम्पनी सचिवको नाम :विवेक मर्हजन

ठेगाना : ज्ञानेश्वर, काठमाडौं

योग्यता: स्नातक (Bachelor in Business Studies)

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीको मिति २०८१।०८।१२ गते बसेको वार्षिक साधारण सभाबाट सर्वसाधारणको लागि छुट्टाइएको रु.१००/– अंकित दरको ३९,७१,६९३ कित्ता सर्वसाधारणका लागि शेयर निष्काशन गरिने निर्णय गरिएको छ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** सो नभएको

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, वडा नं. ११, टेड्टावर, थापाथली,काठमाण्डौं ।
२. धितोपत्र निष्कासन तथा बिक्री प्रवन्धक श्री लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड, बानेश्वर, काठमाण्डौं ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरण-पत्र मार्फत निष्कासन गरिने ३९,७१,६९३ कित्ता साधारण शेयर सर्वसाधारणका लागि निष्कासन गरिएको छ ।सर्वसाधारणलाई निष्काशन गर्ने शेयरको २% शेयरहरु कम्पनीको सेवामा रहेका कर्मचारीहरुका लागि छुट्याएर सुरक्षित राखिएको छ, ५% शेयरहरु सामूहिक लगानी कोषको लागि र  नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरुको लागि १०% निम्ति छुट्याएर सुरक्षित राखिएको छ । कर्मचारीहरुको लागि यसरी छुट्याइएको शेयर कर्मचारीबाट माग भई आएको हकमा सञ्चालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँड गर्नेछ तथा सामुहिक लगानी कोषको हकमा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम बाँडफाँड गरिने छ ।  सामूहिक लगानी कोषहरुबाट सम्पूर्ण शेयरका लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम बाँडफाँड गरिनेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ ।

यस कम्पनीको थापाथली स्थित ट्रेड टावर थापाथली भवन संचालनमा रहेको र यसको लागी आवश्यक नियमन निकाय आन्तरिक राजश्व विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय तथा, महानगरपालिकाबाट व्यवसाय संचालनको स्वीकृति/अनुमति/इजाजत लिई कम्पनीले संचालन गरिरहेको छ । हाल यस कम्पनीको नयाँ परियोजनामा पर्यटन/हस्पिटालिटि क्षेत्रतर्फ होटल ल्याण्डमार्क पशुपतिको निमार्ण भएपछि संचालन हुने बेलामा मात्र पर्यटन विभागले नियमन गरी स्वीकृति प्रदान गर्नेछ। साथै हाल निर्माधिन ट्रेड टावर गौशाला र होटल ल्याडमार्क पशुपति परियोजना सम्बन्धित नक्सा पास, निर्माण अनुमति, उद्योग दर्ता तथा ट्रेडमार्क दर्ता आदि स्वीकृति/अनुमति लिईसकेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

सर्वसाधारणको हकमा नेपाल धितोपत्र बोर्डबाट स्वीकृत सम्पूर्ण आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन दिन सक्ने व्यवस्था रहेको छ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यबस्था :**

यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड (ICRA Nepal Ltd.), डिल्लीबजार काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०२५ जनवरी २० मा "[ICRANP-IR] BB-" reaffirmed प्रमाणपत्र प्राप्त गरेको छ । "[ICRANP-IR] BB-" ले Moderate risk of default regarding timely servicing of financial obligations भन्ने जनाउंदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP -IR] AAA देखि [ICRANP -IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP -IR] AAA ले बलियो आधार जनाउँछ भने [ICRANP -IR] D ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहनें +(जोड) वा - (घटाउ) चिन्हले सम्बन्धीत रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थीतीलाई जनाउँदछ । यसको अर्थ [ICRANP -IR] BB- को स्थिती [ICRANP -IR] BB भन्दा एक चिन्ह तल रहन्छ ।

क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०२५/०१/२० (२०८१।१०।०७)

क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति : २०२६/०१/२० (२०८२।१०।०७)

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण** :यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा बिक्री प्रबन्धक  श्री लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौं रहेको छ ।

**(ड) सकारात्मक पक्षहरु :**

- लामो समय देखि विभिन्न व्यवसायीक क्षेत्रहरुमा आवद्ध रहेका व्यक्ति तथा संस्थाहरु आवद्ध रहनुभएको।

- अध्ययन/अनुसन्धान रजोखिम लेखाजोखा पश्चात् मात्र कम्पनीले परियोजना निर्माण सुरु गर्ने ।
- हाल सम्म यस कम्पनीले दुईवटा परियोजना सम्पन्न गरी सफलता पूर्वक संचालन गरिहेको ।
- कम्पनीले विगत १५ वर्ष देखि टेड्र टावर थापाथलीको संचालन गरी राम्रो अनुभव हासिल गरेको ।
- व्यवस्थापन पक्ष बलियो रहेको ।
- कम्पनीले आफ्नो व्यवसाय विस्तार गर्न सफल भएको ।
- कम्पनीले आफ्नो उद्देश्य अनुरुपको कार्य सम्पादन गर्नको लागि परियोजनाको कुनै कमि नरहेको ।

**(ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको नामसारी लगायत सो सँग सम्बन्धित सम्पूर्ण कार्य गर्नका लागि कम्पनीको आफ्नै कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिको निर्णय बमोजिम नेपाल धितोपत्र बोर्डबाट सो कार्य गर्न स्वीकृति प्राप्त संस्थालाई शेयर रजिष्ट्रार तोक्न सकिने छ ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन हुनेछ । वैदेशिक रोजगारीमा रहेका नेपालीलाई शेयर बाँडफाँड पश्चात् सर्वसाधारणको लागि शेयर निष्काशन खुल्ला गरिनेछ । सार्वजनिक निष्काशन मार्फत् सर्वसाधारणहरुमा जारी गरिने शेयरहरुको लागि आवेदन लिने कार्य कम्तीमा ४ कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधि भित्र सार्वजनिक निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ ।

**ग.२३. (क) बैंकिङ्ग वित्तीय वा बीमा सम्बन्धी व्यवसाय गर्ने संगठित संस्था बाहेकका अन्य संगठित संस्था ले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ९ उप-नियम ३ बमोजिम धितोपत्रको सार्वजनिक निष्काशन गर्दा देहायका शर्तहरु पुरा गरेको हुनु पर्नेछ:**

| क्र.स. | शर्तहरु | पालना भएको /नभएको |
|---|---|---|
| क | पब्लिक कम्पनीको रुपमा आफ्नो उद्देश्य अनुसार कारोवार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई पूरा एक आर्थिक वर्षको अवधि पूरा गरेको । | टेड्र टावर लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६३/०४/२८ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भएकोमा मिति २०६७/०२/१७ गते देखि पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भई कारोबार संचालन गर्दै आइरहेको छ । |
| ख | प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको । | आ.व.२०८०/०८१ सम्मको लेखापरीक्षण तथा साधारण सभा मिति २०८१/०८/१२ गते सम्पन्न भएको । |
| ग | आफ्नो उद्देश्य अनुसार कारोवार संचालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको । | भएको । |
| घ | संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य शुरु गरिसकेको । | भएको । |
| ङ | उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरीद गर्नुपर्ने भएमा टेण्डर आदि गरी खरीद प्रकृया अगाडि बढाई सकेको । | भएको । |
| च | धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता भइसकेको । | सम्झौता भइसकेको । |
| छ | आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको । | भएको |
| ज | संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको । | भएको |

| | | |
|---|---|---|
| **झ** | परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर (Financial Closure)भैसकेको । | भएको |
| **ञ** | जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको । | लागु नहुने । |
| **ट** | सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको । | भएको |

**ग.२३.(ख)यस विवरण-पत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | शिवहरी दंगाल | अध्यक्ष | |
| २. | सतिस न्यौपाने | संचालक | |
| ३. | नवराज विष्ट | संचालक | |
| ४. | सुष्मा लम्साल | संचालक | |
| ५. | भरत राज कोइराला | स्वतन्त्र संचालक | |

## २४. निष्कासन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

**L S CAPITAL**

लक्ष्मी सनराइज क्यापिटल लिमिटेड

A Wholly Owned Subsidiary of Laxmi Sunrise Bank

Ref. No. 1287 K/81/82

मिति : २०८१/११/११

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर।

विषय : ड्यु डेलिजेन्स सर्टिफिकेट बारे।

महोदय,

बागमती अन्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ११ मा रजिष्टर्ड कार्यालय रहेको टेड्ड टावर लिमिटेडले अंकित मूल्य १००/– साधारण शेयर सर्वसाधारणको लागि ३९,७१,६९३ कित्ता सार्वजनिक निष्काशन शेयरहरु जारी गर्न निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मन्जुर गर्दछौ। सार्वजनिक निष्काशन शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार प्राथमिक सार्वजनिक निष्काशन शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ। यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउदछौं।

१ कम्पनीको प्राथमिक शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ। साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ।

२ प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहां पेश गरिएको र प्रत्येकको एक एकप्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ।

३ हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन्।

४ कम्पनीको निष्काशन गर्न लागेको प्राथमिक शेयरका लागि आवेदन दिने आवेदकहरुलाई प्राथमिक शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणपत्र तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं।

५ हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्रदर्ता तथा निष्काशन नियमावली, २०७३ र धितोपत्रदर्ता निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं। उक्त व्यवस्थाहरुसंग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं।

**धितोपत्र निष्काशन तथा बिक्रीप्रबन्धक :**

लक्ष्मी सनराइज क्यापिटल लिमिटेडको तर्फबाट
नाम : विजय लाल श्रेष्ठ
पद : प्रमुख कार्यकारी अधिकृत

सही :

कार्यालयको छाप

PIONEER IN MERCHANT BANKING

Licensed by Securities Board of Nepal: Issue Management | Share Registrar | Share Underwriting | Portfolio Management | Depository Participant | Fund Manager | Advisory | SII
Corporate Office: P.O. Box: 8449, New Baneshwor, Kathmandu, Nepal
Tel: 977-1-5970064 | E-mail: info@lscapital.com.np | Website: www.lscapital.com.np

२५.    विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

P.Aryal & Associates
CHARTERED ACCOUNTANTS

Regd. No. 992 Pan: 106781311
Nagarjun Municipality-02
Kathmandu, Nepal
9851202060
pradiparyal58@gmail.com
paryal.associates@gmail.com

To,
The Board of Directors
Trade Tower Limited
Kathmandu, Nepal

We have examined the projected financial statements which comprise of Statement of Financial Position, Statement of Profit and Loss, Statement of Cash Flow, Statement of Changes in Equity, Statement of Other Comprehensive Income and Assumption made thereon of Trade Tower Limited (the Company) for the period from Shrawan 2082 to Ashadh 2086 in accordance with Nepal Standard on Assurance Engagement 3400."The Examination of Prospective Financial Information", issued by the Institute of Chartered Accountants of Nepal. The preparation and presentation of the projection including the underlying assumption to the prospective financial information, is the responsibility of the Management and has been approved by the Board of Directors, of the company. Our responsibility is to examine the evidence supporting the assumption (excluding the hypothetical assumption) and other information in the prospective financial information. Our responsibility does not include verification of projection. Therefore, we do not vouch for the accuracy of the same.

This projection has been prepared as one of the pre-requisites of Securities Board of Nepal (SEBON) for approval to issue right shares of the company. The projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are necessarily expected to occur. Consequently, users are cautioned that this prospectus may not be appropriate for purpose other than that described above.

We have carried out our examination of the prospective financial information on a best basis. Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attentions which cause us to believe that these assumptions do not provide a reasonable basis for the projection.

UDIN: 241217CA016712JGs6

P. Aryal & Associates
Chartered Accountants
Kathmandu, Nepal

Page 1 of 2